कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

धनकुटा,नेपाल

पत्र संख्याः-२०८३/०८४
चलानी नम्बरः-

मितिः-२०८३/०६/२२
ने.सः-११४६ जंलागा त्रयोदशी

## दोभाषे पदको पदपूर्तिका लागि दरखास्त आह्वान गरिएको सूचना

**(प्रकाशित मितिः २०८३/०६/२२)**

कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलबाट स्वीकृत **"स्वर बोलाई सम्बन्धी नेपाली साङ्केतिक भाषा दोभाषे सेवा परिचालन सम्बन्धी मार्गदर्शन, २०८३"** बमोजिम मोरङ जिल्ला भित्रका सरकारी तथा सार्वजनिक सेवा प्रवाहमा बहिरा तथा स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चार पहुँच सहज बनाउने र साङ्केतिक भाषा तथा सञ्चार व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयोजनका लागि सांकेतिक भाषा दोभाषे पदमा खुला प्रतियोगिताद्वारा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले **२१ (एक्काइस) दिनभित्र** कार्यालय समयमा उपस्थित भई वा इमेलमार्फत दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१) **विज्ञापन नं., पद र पद संख्याः**

| विज्ञापन नं. | पद | पद संख्या |
|---|---|---|
| १/२०८३/८४ | दोभाषे | १ |

२) **सेवाको किसिमः** अस्थायी (करार)

३) **कार्यक्षेत्रः** मोरङ जिल्ला

४) **कार्यस्थलः** सामाजिक विकास मन्त्रालयको हेल्प डेक्स

५) **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण,

ग) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको,

घ) राष्ट्रिय बहिरा महासंघ, जिल्ला बहिरा संघ वा अन्य मान्यता प्राप्त आधिकारिक संस्थाबाट सञ्चालित कम्तीमा ३ महिनाको नेपाली सांकेतिक भाषा तालिम प्राप्त गरेको,

ङ) नेपाली सांकेतिक भाषामा प्रभावकारी रुपमा सञ्चार गर्न सक्ने स्पष्ट क्षमता भएको,

च) सूचना तथा सञ्चार प्रविधि (ICT) को आधारभुत ज्ञान भएको र प्रत्यक्ष वा अनलाइन/भर्चुअल (Video Class/Meeting) माध्यमबाट सेवा दिन सक्षम,

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**द्रष्टव्यः** यस क्षेत्रको कार्य अनुभव भएका, समुदायमा स्वीकार्य तथा राष्ट्रिय बहिरा महासंघ/आधिकारिक निकायको रोष्टरमा सूचीकृत व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

फोन नं. ०२६-५२२२२० वेबसाइटः-www.edd.koshi.gov.np ईमेलः- reddkt@koshi.gov.np

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
धनकुटा,नेपाल

पत्र संख्याः-२०८३/०८४
चलानी नम्बरः-

मितिः-२०८३/०६/२२
ने.सः-११४६ ञंलागा त्रयोदशी

---

६)आवश्यक कागजातहरूः
- क. दरखास्त दस्तुर बुझाएको रसिद
- ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- ग. शैक्षिक योग्यताका ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू
- घ. नेपाली साङ्केतिक भाषाको कम्तीमा ३ महिनाको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
- ङ. कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।

७) **तलब, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

८) **उम्मेद्वारको छनोट विधिः** संक्षिप्त सूची प्रकाशन, शैक्षिक योग्यता, अनुभव तथा तालिम लगायतका अन्य पक्षको मूल्याङ्कन, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता।

९) **फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** शिक्षा विकास निर्देशनालयको वेबसाइट www.edd.koshi.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम र आवश्यक कागजातहरू निर्देशनालयको अनुसन्धान तथा तथ्याङ्क शाखामा कार्यालय समयभित्र पेश गर्नुपर्ने वा तोकिएका सम्पूर्ण कागजात निर्देशनालयको इमेल ठेगाना reddkt@gmail.com मा एउटै pdf फाइल तयार गरी पठाउन सकिने।

१०) **परीक्षा दस्तुरः** रु. ७००।-(सात सय रुपैयाँ मात्र)

११) **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** शिक्षा विकास निर्देशनालय,धनकुटाको कार्यालय कोड नं. ३५००१०६०११, राजस्व संकेत नं. १४२२९,परीक्षा शुल्क शीर्षकमा दस्तुर जम्मा गरी सो भौचरको अर्धकट्टी दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ।

१२) **प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता सञ्चालन हुने मिति, समय र स्थानः** संक्षिप्त सूची प्रकाशन गर्दाका बखत जानकारी गराइने छ।

१३) शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मितिसम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४) दरखास्तका सम्बन्धमा आउने अस्पष्टताको लागि मोबाइल नं ९८४२७७६९०६मा सम्पर्क गरी बुझ्नसकिनेछ।

सूर्यराज घिमिरे
नि. निर्देशक

---